म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- ११२ २०८२ चैत १ गते आइतबार 15 March 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## गोरखामा माइक्रो दुर्घटना : ७ जनाको मृत्यु

गोरखा : शनिबार साँझ मनकामना दर्शन गरेर फर्केको ईभी माइक्रो दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ । शहीदलखन गाउँपालिका-३, कनटारमा मनकामनाबाट फर्कँदै गरेको माइक्रो बस सडकबाट करिब २ सय मिटर तल खसेको थियो । बागमती प्रदेश ००६ ख ८४३० नम्बरको उक्त माइक्रोमा १४ जना सवार रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार घटनास्थलमै ७ जनाको मृत्यु भएको र अन्य ७ जनाको उपचारका लागि अस्पताल पठाइएको छ। मृतकहरू सबै भारतीय रहेको प्रहरीले जनाएको छ । चालक र सहचालक बाहेक सबै भारतीय नागरिक नै मनकामना मन्दिर दर्शनका लागि गएको र फर्कने बेलामा दुर्घटनामा परेको प्रहरीले जनाएको छ। प्रहरी र स्थानीयको समन्वयमा उद्दार गरेको हो ।

# जनगुनासो बढेपछि प्रशासनद्वारा ग्यास डिलरहरुमा अनुगमन



ग्यास डिलरको अनुगमन गर्दै ।

समाज संवाददाता

हेटौंडा : बजारमा एलपी ग्यासको अभाव भएको जनगुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले बजार तथा उद्योग अनुगमन गरेको छ । बजारमा ग्यास किन्न जाँदा पसलहरुमा नपाइएको तथा भाडामा बस्ने विद्यार्थीहरु लगायतले ग्यास नपाएको भन्ने जनगुनासो बढेपछि अनुगमन गरिएको हो ।

शनिबार जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा नापतौल तथा गुणस्तर कार्यालय पर्सासहित उपभोक्ता हित संरक्षण मञ्च, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुर सहितको दुइ टोलीले अनुगमन गरेको थियो । अनुगमन टोलीहरुले हेटौंडा नगरभित्रका सबै १५ वटै एलपी ग्याँसका डिलरहरु तथा हेटौंडा-३ स्थित सहारा ग्याँस उद्योगमा आकस्मिक अनुगमन गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराज न्यौपानेले जानकारी दिनुभयो । अनुगमन टोलीले हेटौंडा नगरका सबै ग्याँस डिलरहरुमा गएर नापतौल तथा गुणस्तर कार्यालय पर्साको समन्वयमा सिलिण्डरहरु नापतौल समेत गरेको थियो ।

अनुगमनबाट कुनै पनि ग्यास डिलरमा ग्याँसको कमी नरहेको पाइएको तथा हेटौंडा-३ मा रहेको सहारा ग्यास उद्योगमा पनि बाहिरबाट पर्याप्त ग्याँस उपलब्ध भइरहेको पाइएको अधिकृत न्यौपानेले बताउनुभयो । उहाँले पूर्ववत रुपमै बजारको माग अनुसारको आपूर्ति भइरहेको पाइएको र कुनै डिलरमार्फत पनि उपभोक्ता समक्ष बजारमा पठाइने ग्यास सिलिण्डरको संख्यामा कमि नभएको समेत स्पष्ट पार्नुभयो । पछिल्लो समय मध्यपूर्व तथा खाडी मुलुकहरुमा चलिरहेको युद्धका कारण नेपालको तल बजार प्रभाव परेको भन्दै उपभोक्ताहरुले एकैपटक धेरै संख्यामा खरिद गरेर राख्ने गरेकोले तत्कालीक रुपमा मात्रै बजारमा एलपि ग्याँस सिलिण्डर नपाइएको समेत उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार सहारा ग्याँस उद्योगमा प्रतिमहिना २४ हजार सिलिण्डर उत्पादन तथा वितरण गर्दै आएकोमा फागुन महिनामा ३२ हजार सिलिण्डर ग्याँस वितरण गरिएको अनुगमनमा देखिएको पनि न्यौपानेले बताउनुभयो ।

बजार मागभन्दा पनि बढी ग्याँस वितरण गर्दा पनि हाललाई ग्याँस पर्याप्त भएपनि भविष्यमा संकट पर्नसक्ने मनोविज्ञानले गर्दा सर्वसाधारण उपभोक्ताहरुले सञ्चय गरेर राख्नका लागि खरिद गरेको व्यवसायीहरुले बताएका छन्। हेटौंडा-९ स्थित एम के सप्लायर्सका प्रोप्राइटर मदन कुमार न्यौपानेले उपभोक्ताहरुले धेरै पुराना र थन्किएका सिलिण्डरहरु समेत बजारमा लिएर आएको पाइएको बताउनुभयो । यतिखेर यसअघि प्रयोग नगरी राखिएका सिलिण्डर भर्नेको लाइन लाग्ने गरेकोले विद्यार्थी, कोठा भाडामा बस्नेहरुसँग सिलिण्डरको कमि भएकोले उनीहरुलाई भने असर परेको बताउनुभयो । उहाँले खाडी क्षेत्रको युद्ध लम्बियो भने साँच्चै असर गर्ने भएकोले यो अवस्थालाई सरकारले विद्युतीय चुलोहरुको प्रयोग बढाउन विभिन्न सुविधा दिनुपर्नेमा समेत जोड दिनुभएको छ ।

दिर्घकालीन हिसाबले आधा सिलिण्डर मात्र ग्याँस वितरण सँगै पनि इन्डक्सन तथा इन्फ्रारेड लगायतका विद्युतीय चुलोहरुको प्रयोगलाई सरकारले कार्यक्रम मार्फत नै प्रोत्साहन गर्नु राम्रो हुने उहाँको बुझाइ छ। फागुन २९ गतेदेखि लागु हुने गरी नेपाल सरकारले आधा सिलिण्डर अर्थात ७.१ केजी ग्याँस वितरण गर्ने निर्णय गरेको थियो । यस्तै हाललाई सिलिण्डर भर्ने मात्र सुविधा दिइएको छ। नयाँ सिलिन्डर खरिद बिक्रि हाललाई बन्द गरिएको छ ।

# मामाघर नेपालमा सहयोगीको ओइरो



मामाघर नेपालमा सहयोग गर्न पुगेका सहयोगी परिवार ।

समाज संवाददाता

हेटौंडा : हेटौंडा-११, डाङ्डुङ्गेस्थित मामाघर नेपाललाई पछिल्लो समय सहयोगीको ओइरो नै लागेको छ । कुनै बेला आश्रित बालकहरुको नियमित खानाकै लागि अभाव भएर सहयोगका लागि आव्हान गर्नुपर्ने थियो भने अहिले सहयोगीको ओइरो नै लागेको मामाघर नेपालका परिकल्पनाकार तथा संरक्षक अर्पण पराजुली बताउनुहुन्छ । फागुन महिनामा मामाघर नेपालमा एक लाख ३४ हजार रुपैयाँ नगद तथा ८० हजार रुपैयाँ बराबरको खाद्यान्न, स्टेशनरी, लत्ता-कपडालगायतका जिन्सी सामान प्राप्त भएको पराजुलीले जानकारी दिनुभयो ।

मामाघर नेपालमा विभिन्न व्यक्तिहरुले जन्मदिन, पूण्यतिथि, विवाह वर्षगाँठ तथा विशेष अवसरमा सहयोग गर्दै आएका छन् । सडक बालबालिकाको उद्दार, संरक्षण र पारिवारमा पुनर्मिलन कार्य गर्दै आएको मामाघर नेपाललाई फागुन महिना २३ जना बालकहरु छन् । फागुन महिनामा सडकबाट बालबालिका उद्दार गर्नु नपरेको पराजुलीले बताउनुभयो। मामाघर नेपाल मकवानपुर लाई फागुन १ गते हेटौंडा-९ का वाल्मिकी प्याकुरेलले कृषा प्याकुरेलको जन्मदिनको अवसरमा नगद ६ हजार ५ सय उपलब्ध गराउनु हुँदै बिहानी खानाको समेत व्यवस्था गर्नुभएको थियो । यस्तै २ गते हाल न्युजिल्यान्ड रहँदै आउनु भएका सुमित जंग थापाको परिवारले छोरी प्रियान्सी थापाको जन्मदिनको अवसरमा बिहानी खाजा, हेटौंडा-३ की प्रतिमा राईले प्रेम दिवसको अवसरमा नगद ५ हजार ५ रुपैयाँ, हेटौंडा-४ का विशाल लुङ्वाले छोरी रिन्जेन लुङ्वाको जन्मदिनको अवसरमा २ हजार ५ सय, नबिना मगरले आफ्नो जन्मदिनको अवसरमा भान्जाहरुका लागि अति आवश्यक चप्पल १० थान, हेटौंडा-५, का विशाल सापकोटा तथा आमा कञ्चन खतिवडाले आफ्नो छोरा कर्णिश सापकोटाको जन्मदिनको अवसरमा बिहानी खाना, हेटौंडा-१२ घर भई हाल जापान बस्दै आउनुभएकी सुस्मा राना मगरले महाशिवरात्रीको अवसरमा खाजा सामग्री र नगद १५ हजार, सुस्मिता मोक्तानको परिवारले महाशिवरात्रीको अवसरमा प्रसाद साथै बेलुकी खाना उपलब्ध गराउनुभएको छ ।

मकवानपुरको मनहरी-१० घर भई हाल अष्ट्रेलिया बस्दै आउनुभएकी अनिशा चालिसेले आफ्नो जन्मदिनको अवसरमा खाद्यान्न सामग्री, मनहरी-३ बस्ने सौगात बर्तौलाले आफ्नो जन्मदिनको अवसरमा नगद १४ हजार बराबरको खाद्यान्न सामग्री, छोरा राजु थापा तथा बुहारी गीता रानाले बैकुण्ठवासी पिता श्यामकाजी थापाको स्मृतिमा खाद्यान्न सामग्री, हेटौंडा-३ घर भई हाल अष्ट्रेलियामा बस्ने परमेश्वर पराजुलीले जन्मदिनको अवसरमा ५ हजार ५ सय, अर्जुन प्रसाद दुलालले बैकुण्ठवासी पिता चन्द्रप्रसाद दुलालको स्मृतिमा खाद्यान्न सामग्री, हेटौंडा-१७ का तेज जटाल तथा मिश्रि जटालले बैकुण्ठवासी छोरी समिका जटालको स्मृतिमा खाद्यान्न सामग्री आटा- ३४ किलोग्राम, चिनी २० किलोग्राम, चामल १ बोरा, फलफूल २ किलोग्राम तथा नगद एक हजार ७८० रुपैयाँ सहयोग गर्नुभयो ।

यस्तै हेटौंडा-५ घर भई हाल

...बाँकी पृष्ठ ३ मा

## हार्दिक बधाई



यस **आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**का शिक्षक श्री **दीपक अधिकारी**ले **सिक्किम प्रोफेसनल युनिभर्सिटी**बाट **"इप्लिकेसन अफ एन्टी डेरिभेटिभ इन प्राक्टिकल लाइफ अफ द स्टुडेन्ट्स लेटर लाइफ"** शीर्षकमा हालै विद्यावारिधी शोध पूरा गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा उहाँको शैक्षिक जीवन उज्ज्वल रहोस् भनी शुभकामना समेत व्यक्त गर्दछौं ।

**मोहम्मद समीम**
**अध्यक्ष, विद्यालय व्यवस्थापन समिति**

**रामसागर गुरागाई**
**प्रधानाध्यापक**

**एवम् आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय परिवार**
**हेटौंडा-४, मकवानपुर**



## सम्पादकीय

# रंगशाला निर्माण सुस्त

विसं २०६६ जेठ २८ गते केन्द्रीय खेलकुद प्रतिष्ठानको रुपमा विकास गर्ने भन्दै औपचारिक शिलान्यास गरिएको हेटौँडा-६ स्थित गौरीटार रंगशाला निर्माण पूरा हुन सकेको छैन । ५ वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले प्रतिष्ठानको शिलान्यास गरेका थिए । झण्डै ५ अर्ब खर्च गरेर धेरै खेलहरुको प्रशिक्षण तथा प्रतियोगिता सञ्चालनयोग्य रंगशाला निर्माणमा भने सुचारु हुन सकेन । शिलान्यास भएको करिब एक दशकसम्म पनि रंगशालामा घेराबार लगाउने र होस्टल बनाउने काममात्र भयो । खेल अभ्यास, प्रशिक्षण तथा प्रतियोगिताको लागि संरचना बनाउन सरकारले खासै ध्यान दिन नसकेको अवस्थामा बागमती प्रदेश सरकारले रंगशाला निर्माणमा चासो देखायो । प्रदेश गौरवको योजनाअन्तर्गत राखेर बागमती प्रदेश सरकारले २०७५ सालबाट रंगशालामा खेल पूर्वाधार निर्माण सुरु गरेको भए पनि कामको गति भने निकै सुस्त रहेको छ ।

७ वर्षको अवधिमा बागमती प्रदेशमा ६ जना मुख्यमन्त्री परिवर्तन भइसके पनि गौरीटार रंगशाला निर्माणको कामले पूर्णता पाउन सकेको छैन । शुक्रबार मात्रै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशको गौरवको रुपमा गौरीटार रंगशालालाई अघि बढाउन प्रदेश सरकारले १ अर्बभन्दा बढी लगानी गर्ने बताएका छन् । हेटौँडामा सुरु भएको दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले गौरीटार रंगशालालाई गौरवको अयोजनाको रुपमा अघि बढाउन लागिएको जानकारी दिए । यसअघि केही करोडमात्र लगानी गरेकोमा अब रंगशालामा ट्र्याक, खेलमैदान, स्विमिङ पुल, हेल्थ क्लब, ब्याटमिन्टन, बास्केटबल, क्रिकेटलगायतका अधिकांश खेल पूर्वाधार निर्माण गरिने बताएका हुन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता गर्नसक्ने गरी सुविधासम्पन्न पूर्वाधार निर्माण गर्ने मुख्यमन्त्री बानियाँको भनाइ छ ।

मकवानपुरबासीले गौरीटार रंगशालाको सपना देख्न थालेको चार दशकभन्दा बढी भइसकेको छ । विसं २०४० सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गरिएको गौरीटार रंगशाला लामो समयसम्म झाडीयुक्त मैदानमा सीमित रह्यो । त्यतिबेलै सुविधासम्पन्न रंगशाला बनाउने घोषणा गरिएको भए पनि लामो समयसम्म रंगशाला निर्माण कार्य सुरु हुन नै सकेन । केन्द्रीय खेलकुद प्रतिष्ठानको रुपमा गौरीटार रंगशाला निर्माण गर्न संघीय सरकारले आवश्यक बजेट र ध्यान दिएन । बागमती प्रदेश सरकारले रंगशाला निर्माणमा चासो दिएपछि अहिले रंगशालामा फुटबल, क्रिकेट र पौडी खेलका पूर्वाधार निर्माण भइरहेको छ । एक प्यारापिटसहितको फुटबल मैदान निर्माण भइसकेको छ भने अन्तर्राष्ट्रियस्तरको पौडी पोखरी र क्रिकेट मैदान निर्माण भइरहेको छ ।

प्रदेश सरकारले पछिल्लो ७ वर्षमा करिब २० करोड रुपैयाँ लगानी गरिसकेको अवस्थामा रंगशालालाई पूर्णता दिन ठूलै लगानी आवश्यक छ । मुख्यमन्त्री बानियाँले भनेजस्तो एक अरब नै खर्च गर्ने हो भने र निर्माण कार्य समयमै सम्पन्न गर्ने हो भने व्यवस्थित रंगशालाको सपना साकार हुनसक्छ । गौरवका आयोजना भन्ने कामको गति भने अहिलेको जस्तै सुस्त हुने हो भने रंगशाला निर्माण सम्पन्न हुन दशकौं लाग्ने निश्चित छ । बागमती प्रदेश सरकारले यसअघि नै डीपीआर तयार गरेर रंगशाला निर्माणको काम गरिरहेको भए पनि पर्याप्त बजेट व्यवस्थापन गर्न सकेको छैन । बागमतीका प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलकै कार्यकालमा प्रदेश गौरवको आयोजनाको रुपमा अघि बढेको रंगशालाको निर्माण कार्य भने गतिविहीनजस्तै बन्यो । वर्तमान मुख्यमन्त्री बानियाँले रंगशालाका लागि आवश्यक बजेट दिएर कामलाई तिब्रता दिन सकेमा रंगशालाले पूर्णता पाउने आशा गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |



## तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौँडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आध्यात्मिक भावनाको वृद्धि हुने समय छ ।
**वृष** : ऋणभारले तनाबमा पार्न सक्ने छ ।
**मिथुन** : रोमाञ्चक र उत्कण्ठाले भरिपूर्ण समय छ ।
**कर्कट** : सहयोगीहरु प्रतिस्पर्धामा उत्रन सक्नेछन् ।
**सिंह** : प्रेम जीवनलाई सार्थक बनाइने समय योग छ ।
**कन्या** : कार्यक्षेत्र र पारिवारीक समस्यामा समय बित्ला ।
**तुला** : अरुको कामका लागि समय व्यतित हुनेछ ।
**वृश्चिक** : अचानक मित्रसँग भेटघाट हुने समय छ ।
**धनु** : रिस र आवेगलाई रोक्दा राम्रो रहने छ ।
**मकर** : धनको सुरक्षामा ध्यान दिनुपर्ने समय छ ।
**कुम्भ** : मान–सम्मान र प्रतिष्ठा प्राप्त हुने समय छ ।
**मीन** : व्यक्तिगत प्रतिष्ठा र वर्चस्व स्थापना गर्न सकिने छ ।

# इच्छामृत्यु : भारतको ऐतिहासिक निर्णय र नेपालमा उठ्नुपर्ने कानुनी बहस



बिशभ अधिकारी

मानव जीवनलाई सबैभन्दा ठूलो मूल्यका रूपमा हेरिन्छ । सभ्यता, धर्म, नैतिकता र कानुनले जीवनको संरक्षणलाई मूलभूत कर्तव्यका रूपमा स्वीकार गरेका छन् । तर जीवनको अन्तिम चरणमा, विशेषगरी जब कुनै व्यक्ति असाध्य रोग, गम्भीर दुर्घटना वा दीर्घकालीन कोमाको अवस्थामा पुग्छ र पुनः सामान्य जीवनमा फर्कने कुनै सम्भावना देखिँदैन, तब एउटा कठिन प्रश्न समाज, चिकित्सक र कानुनका अगाडि उभिन्छ के अत्यन्त पीडादायी र निरर्थक अवस्थामा बाँचेको जीवनलाई कृत्रिम रूपमा लम्ब्याइराख्नु नै मानवीयता हो, वा त्यस्तो अवस्थामा पीडाबाट मुक्त गराउने अधिकार पनि हुनुपर्छ ? यही प्रश्नसँग सम्बन्धित अवधारणा हो इच्छामृत्यु ।

इच्छामृत्यु भन्नाले सामान्य रूपमा असाध्य वा अत्यन्त कष्टकर अवस्थामा रहेको बिरामीको जीवन अन्त्य गरिने प्रक्रिया बुझिन्छ, जसको उद्देश्य उसलाई थप पीडाबाट मुक्त गराउनु हो । यसको मूल भावनामा मृत्युलाई छिटो गराउनु होइन, बरु असह्य पीडाबाट मुक्ति भन्ने विचार निहित हुन्छ । आधुनिक चिकित्सा विज्ञानले मानिसलाई धेरै वर्षसम्म जीवनमा राख्न सक्ने प्रविधिहरू विकास गरिसकेको छ, जस्तै भेन्टिलेटर, कृत्रिम खाना आपूर्ति प्रणाली, जीवनसमर्थन उपकरण आदि । तर कहिलेकाहीँ यी प्रविधिहरूले जीवन बचाउनुको सट्टा केवल मृत्यु प्रक्रियालाई लम्ब्याइराख्ने काम मात्र गर्छन् । यही अवस्थाले इच्छामृत्युबारेको नैतिक र कानुनी बहसलाई विश्वभर गम्भीर बनाएको छ ।

सामान्यतः इच्छामृत्यु दुई प्रकारको हुन्छ सक्रिय इच्छामृत्यु र निष्क्रिय इच्छामृत्यु । सक्रिय इच्छामृत्युमा चिकित्सकले जानाजानी घातक औषधि प्रयोग गरेर बिरामीको जीवन अन्त्य गरिदिन्छ । यो प्रक्रिया प्रत्यक्ष रूपमा मृत्यु निम्त्याउने कार्य भएकाले धेरै देशहरूमा यसलाई कानुनी रूपमा प्रतिबन्धित गरिएको छ । अर्कोतर्फ, निष्क्रिय इच्छामृत्युमा बिरामीलाई जीवित राख्ने कृत्रिम उपचार वा जीवनसमर्थन प्रणाली हटाइन्छ वा रोकिन्छ, जसका कारण प्राकृतिक रूपमा मृत्यु हुन्छ । यसमा चिकित्सकले मृत्यु गराउने कार्य गर्दैन, तर मृत्यु रोक्न प्रयोग भइरहेको कृत्रिम उपचार बन्द गरिन्छ । यही कारणले निष्क्रिय इच्छामृत्यु धेरै देशहरूमा सीमित अवस्थामा कानुनी रूपमा स्वीकार गरिएको छ ।

भारतमा पनि इच्छामृत्युबारेको बहस लामो समयदेखि चलिरहेको थियो । धार्मिक, सामाजिक र कानुनी दृष्टिकोणबाट यस विषयलाई अत्यन्त संवेदनशील मानिएको थियो । भारतको संविधानले जीवनको अधिकारलाई मौलिक अधिकारको रूपमा मान्यता दिएको छ । तर जीवनको अधिकार भित्र सम्मानजनक मृत्युको अधिकार पनि पर्छ कि पर्दैन भन्ने प्रश्नले अदालतहरूलाई लामो समयसम्म चुनौती दिइरहेको थियो । अन्ततः भारतको सर्वोच्च अदालतले ऐतिहासिक फैसला गर्दै निष्क्रिय इच्छामृत्युलाई सीमित अवस्थामा कानुनी मान्यता दियो । अदालतले भनेको थियो कि जब कुनै व्यक्ति पूर्णरूपमा असाध्य अवस्थामा हुन्छ र उसलाई कृत्रिम उपकरणहरूको सहायताले मात्र जीवित राखिएको हुन्छ, त्यस्तो अवस्थामा जीवनसमर्थन हटाउन अनुमति दिन सकिन्छ, तर त्यसका लागि कडा प्रक्रिया र चिकित्सकीय मूल्यांकन आवश्यक हुन्छ ।

यस निर्णयसँगै अदालतले 'लिभिङ विल' वा एड्भान्स मेडिकल डिरेक्टिभ्स' को अवधारणालाई पनि मान्यता दिएको थियो । लिभिङ विल भनेको यस्तो कानुनी दस्तावेज हो जसमा कुनै व्यक्तिले भविष्यमा आफू असाध्य अवस्थामा पुगेमा कस्तो उपचार चाहन्छ वा चाहँदैन भन्ने कुरा पहिल्यै उल्लेख गर्न सक्छ । उदाहरणका लागि, कुनै व्यक्तिले आफू पूर्णरूपमा कोमामा पुगेको अवस्थामा भेन्टिलेटर वा कृत्रिम जीवनसमर्थन प्रयोग नगर्न चाहेको कुरा लिभिङ विलमा लेख्न सक्छ । यसले व्यक्तिको आत्मनिर्णयको अधिकारलाई सम्मान गर्ने प्रयास गर्छ ।

भारतमा इच्छामृत्युको बहसको ऐतिहासिक पृष्ठभूमि अरुणा शानबाग नामक नर्सको घटनासँग जोडिएको छ । उनी सन् १९७३ मा यौन आक्रमणपछि गम्भीर अवस्थामा पुगिन् र त्यसपछि लगभग ४२ वर्षसम्म वनस्पति अवस्थामा रहिन् । उनको अवस्थाले भारतभर ठूलो नैतिक बहस जन्माएको थियो । अन्ततः उनको घटनाले भारतको न्यायिक प्रणालीलाई इच्छामृत्युबारे स्पष्ट धारणा बनाउन बाध्य बनायो ।

यसैबीच, सन् २०२६ मा भारतको सर्वोच्च अदालतले हरिश राणा नामका एक युवकको जीवनसमर्थन हटाउन अनुमति दिएको घटना अत्यन्त ऐतिहासिक मानिएको छ । यो अदालतबाट स्वीकृत पहिलो निष्क्रिय इच्छामृत्युको उदाहरण मानिन्छ । हरिश राणा २०१३ मा चौथो तलाबाट खसेपछि गम्भीर मस्तिष्क चोटका कारण कोमामा पुगेका थिए । उनी त्यसपछि १३ वर्षभन्दा बढी समयसम्म वनस्पति अवस्थामा थिए । चिकित्सकहरूको भनाइ अनुसार उनी बोल्न, सुन्न, देख्न वा कसैलाई चिन्न सक्ने अवस्थामा थिएनन् । उनी ट्रेकियोस्टोमी ट्युबबाट सास फेर्दै थिए र ग्यास्ट्रोस्टोमी ट्युबबाट खाना खुवाइन्थ्यो ।

उनका आमाबुबाले वर्षौंसम्म अदालतमा निवेदन दिँदै आएका थिए कि उनका छोराको सुधार हुने कुनै सम्भावना छैन र परिवार आर्थिक तथा मानसिक रूपमा अत्यन्त थकित भइसकेको छ । अन्ततः दुई स्वतन्त्र मेडिकल बोर्डहरूले उनको स्वास्थ्य अवस्था मूल्यांकन गरेर सुधार हुने सम्भावना अत्यन्त न्यून रहेको निष्कर्ष निकालेपछि सर्वोच्च अदालतले जीवनसमर्थन हटाउन अनुमति दिएको हो । यो निर्णयले भारतमा सम्मानजनक मृत्युको अधिकार सम्बन्धी बहसलाई अझ तीव्र बनाएको छ ।

विश्वका अन्य धेरै देशहरूले पनि इच्छामृत्युबारे विभिन्न कानुनी व्यवस्था गरेका छन् । नेदरल्याण्ड, बेल्जियम र लक्जेम्बर्ग जस्ता देशहरूमा सक्रिय इच्छामृत्यु पनि निश्चित मापदण्डसहित कानुनी रूपमा स्वीकार गरिएको छ । क्यानडा, स्विट्जरल्यान्ड र अमेरिकाका केही राज्यहरूमा चिकित्सकको सहयोगमा आत्महत्याको व्यवस्था गरिएको छ । यी देशहरूले कडा कानुनी प्रक्रिया, चिकित्सकीय प्रमाणिकरण र पारदर्शी निगरानी प्रणालीमार्फत दुरुपयोगको सम्भावना कम गर्ने प्रयास गरेका छन् ।

नेपालको सन्दर्भमा भने इच्छामृत्यु सम्बन्धी स्पष्ट कानुनी व्यवस्था छैन । नेपालको मुलुकी अपराध संहिता अनुसार कसैको ज्यान लिने कुनै पनि कार्य अपराध मानिन्छ । त्यसैले सक्रिय इच्छामृत्यु त स्पष्ट रूपमा गैरकानुनी हुन्छ । तर निष्क्रिय इच्छामृत्यु वा जीवनसमर्थन हटाउने विषयमा पनि स्पष्ट कानुनी ढाँचा नभएकाले अस्पतालहरू र परिवारहरू प्रायः कठिन नैतिक दुविधामा पर्ने गर्छन् ।

नेपालमा पनि धेरै बिरामीहरू दीर्घकालीन कोमा, असाध्य क्यान्सर वा पूर्णरूपमा निर्भर अवस्थाहरूमा वर्षौंसम्म अस्पतालमा राखिन्छन् । यस्तो अवस्थामा बिरामी मात्र होइन, परिवार पनि आर्थिक, मानसिक र सामाजिक रूपमा अत्यन्त पीडित हुन्छ । विशेषगरी विकासोन्मुख देशको रूपमा नेपालमा स्वास्थ्य सेवा अत्यन्त महँगो भएकाले यस्तो अवस्था धेरै परिवारका लागि असह्य बोझ बन्न सक्छ । यस्तो परिस्थितिमा नेपालले पनि गम्भीर राष्ट्रिय बहस सुरु गर्न आवश्यक देखिन्छ । विशेषगरी अत्यन्त असाध्य र वनस्पति अवस्थामा रहेका बिरामीहरूको हकमा कडा मापदण्डसहित निष्क्रिय इच्छामृत्युलाई कानुनी मान्यता दिने विषयमा विचार गर्न सकिन्छ । उदाहरणका लागि, बिरामीको अवस्था पूर्णरूपमा असाध्य भएको प्रमाणित हुनु, दुई वा तीन स्वतन्त्र मेडिकल बोर्डको प्रमाणिकरण हुनु, बिरामीको लिभिङ विल वा परिवारको सहमति हुनु र अदालत वा उच्चस्तरीय चिकित्सकीय समितिको अनुमति हुनु जस्ता मापदण्डहरू राख्न सकिन्छ ।

यसरी स्पष्ट प्रक्रिया भएमा दुरुपयोगको सम्भावना घट्छ र मानव मर्यादालाई सम्मान गर्ने वातावरण पनि सिर्जना हुन्छ । अन्ततः इच्छामृत्युको विषय केवल कानुनको विषय मात्र होइन; यो मानव अधिकार, नैतिकता, चिकित्सा विज्ञान र सामाजिक संवेदनशीलताको जटिल संगम हो । आधुनिक समाजमा जीवनको संरक्षण जति महत्वपूर्ण छ, त्यत्तिकै महत्वपूर्ण मानव मर्यादा पनि हो ।

भारतको हालैको निर्णयले देखाएको छ कि समाजहरू क्रमशः जीवन जोगाउने अवधारणाबाट सम्मानजनक मृत्युको अधिकार तर्फ पनि सोच्न थालेका छन् । नेपालले पनि यस विषयमा खुला र गम्भीर बहस सुरु गरेर, अत्यन्त विशेष र असाध्य अवस्थामा रहेका बिरामीहरूको हकमा सन्तुलित कानुनी व्यवस्था निर्माण गर्ने दिशामा सोच्नुपर्ने समय आएको छ । मानव जीवनको मूल्यलाई जोगाउँदै, तर अनावश्यक पीडाबाट मुक्त हुने अधिकारलाई पनि सम्मान गर्ने कानुनी ढाँचा निर्माण गर्नु आजको समयको आवश्यकता हो ।

# जटिलताको भुमरीमा नेपालको सम्पत्ति शुद्धीकरण



के.बी. बस्नेत

आज विश्व नै भ्रष्टाचारले आक्रान्त भएकाले धेरैजसो देशमा सामाजिक, आर्थिक, राजनीतिक र प्रशासनिक क्षेत्रहरुमा विकृति, विसङ्गति र अराजकता दिन-प्रतिदिन तीव्र रूपले बढिरहेका छन् । त्यसैले, यी देशका सरकारले आफ्ना नागरिकका नैतिकतालाई स्खलित गर्दै समाजका हरेक तहलाई निकम्मा बनाउँदै छन् ।

वस्तुतः भ्रष्टाचारीहरूको राष्ट्रिय भावना हुँदैन । तसर्थ, उनीहरू आफ्नो राष्ट्रको हितविपरीत सौदागर गर्न पनि हिचकिचाउँदैनन् । एकातर्फ उनीहरूले राष्ट्रिय हितविपरीत सन्धि तथा सम्झौता गर्न सक्छन् भने अर्कातर्फ विदेशीहरूसँग मिलेर स्वदेशी आयोजना तथा उद्योगहरुलाई धरापमा पार्न सक्छन् । कुनै पनि देशका नेताहरूले भ्रष्टाचार निर्मूल पार्नु पर्ने हो । परन्तु, धेरैजसो देशमा उनीहरू नै यस्तो कुकृत्यमा संलग्न छन् । त्यसैले, विश्वभर भ्रष्टाचार हुनु स्वभाविक हो ।

वर्तमान समयमा भ्रष्टाचारीहरूले अर्थोपार्जनका लागि आफ्ना देशका गोप्य सूचना अन्य देशहरुमा पठाउने र अराष्ट्रिय व्यक्तिहरुसँग सम्पर्क गरी राष्ट्रिय सुरक्षामा खतरा बढाई आतंक फैलाइरहेका छन् । उनीहरुको प्रमुख ध्येय नै आयआर्जन गरी आफ्नो सम्पत्ति अभिवृद्धि गर्नु हो । तसर्थ, हाल सम्पत्ति शुद्धीकरणसम्बन्धी काम विश्वव्यापी भएको छ र नेपाल पनि यस सम्बन्धमा अछुतो रहन सकेको छैन ।

साधारणतः कुनै पनि व्यक्तिद्वारा आफ्नो सम्पत्तिका स्रोत र गन्तव्यलाई गोप्य राखेर गैरकानुनी रूपमा कमाएको धनलाई विभिन्न छद्म कारोबार देखाई वैध आर्जित सम्पत्तिजस्तो बनाउने प्रक्रियालाई सम्पत्ति शुद्धीकरण भनिन्छ । जुन निम्नलिखित चार चरणमा गरिन्छः

प्रथम चरणमा अवैध रूपमा रकम संकलन गर्ने काम गरिन्छ भने दोस्रो चरणमा उक्त रकम कतै राख्ने काम गरिन्छ । त्यसपछि उक्त रकमलाई विभिन्न माध्यमद्वारा बैंकिङ प्रणालीमा प्रवेश गराइन्छ । तेस्रो चरणमा आर्जित अवैध र कमको तहकीकरण गरी बैंक तथा वित्तीय प्रणालीद्वारा प्रयोग गरिन्छ । जुन अनुसन्धान गर्ने निकायहरूलाई पत्ता लगाउन सहज हुँदैन । चौथो चरणमा जब उक्त रकमलाई एकीकृत गरी औपचारिक रूपमा सम्बन्धित राज्यको अर्थतन्त्रमा प्रवेश गराइन्छ, तब उक्त रकम वैध रूपले आर्जन गरेको जस्तो आभास हुन्छ ।

वस्तुतः सम्पत्ति शुद्धीकरण मौद्रिक लाभ गर्ने उद्देश्यले गरिने एक अनैतिक कार्य हो । यो एक गम्भीर आर्थिक अपराध हो । जसले कुनै पनि वित्तीय कानुनी राज्यको अवधारणालाई पालना गर्दैन ।

वर्तमान समयमा सम्पत्ति शुद्धीकरण गर्ने कार्य विश्वव्यापी भएको छ । जसले सम्बन्धित सरकार, राज्यव्यवस्था र वित्तीय प्रणालीप्रति वितृष्णा मात्र पैदा नगरी सम्पूर्ण अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पारेको छ । वस्तुतः सन् १९९१ मा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) स्थापना गरिएपछि सम्पत्ति शुद्धीकरणसम्बन्धी

...बाँकी पृष्ठ ३ मा

# ४३ जनाले रक्तदान गरे




समाज संवाददाता

हेटौँडा : डिभाइन युथ क्लब हेटौंडाको आयोजनामा शनिबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ। हेटौँडा-१७, हटियाचोकमा आयोजित रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरेका छन्। कार्यक्रममा ५ जना महिला र ३८ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो।

नेपाल रेडक्रस सोसाइटी हटिया उपशाखाको सहकार्य एवम् रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोगमा कार्यक्रम भएको हो। स्थानीय युवा, समाजसेवी, डिभाइन युथ क्लब नेपालका सदस्य तथा सर्वसाधारणले रक्तदान गरेका थिए। मानव जीवन बचाउन र क्तदान महत्वपूर्ण हुने भएकाले समाजमा रक्तदानप्रति जागरण फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकको भनाइ छ। संकलित रगत उपचारका क्रममा रगत आवश्यक परेका बिरामीहरुका लागि उपयोग गरिने रक्तसञ्चार केन्द्र हेटौँडाले जानकारी दिएको छ।

# निर्माण सामग्री व्यवसायी संघमा तिमल्सिना

समाज संवाददाता

हेटौँडा : निर्माण सामग्री व्यवसायी संघ मकवानपुरको अध्यक्षमा सन्दीप तिमल्सिना (सुदिप) सर्वसम्मत निर्वाचित हुनुभएको छ। शनिबार सम्पन्न संघको १५ औं साधारणसभा तथा आठौं अधिवेशनले तिमल्सिनाको अध्यक्षतामा ११ सदस्यीय समिति निर्वाचित गरेको हो।

समितिको उपाध्यक्षमा रोशन सापकोटा, महासचिवमा जीवन ढकाल, सचिवमा सुवास दाहाल र कोषाध्यक्षमा अमित श्रेष्ठ रहनुभएको छ। यस्तै सदस्यहरुमा धर्मराज ढकाल, सत्तिस अधिकारी, काशीनाथ छत्कुली, राजन अधिकारी, सुरेश रिजाल रहनुभएको छ। एक जना सदस्य तथा सल्लाहकार समिति भने संघको पहिलो बैठकले टुङ्गो लगाउने निर्वाचन समितिका संयोजक कृष्णराम न्यौपानेले जानकारी दिनुभयो।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको प्रमुख आतिथ्य तथा संघका अध्यक्ष बालकृष्ण बजगाईको सभाध्यक्षतामा भएको कार्यक्रममा संघका प्रमुख सल्लाहकार मनोज कुमार राना, संघका संस्थापक अध्यक्ष कृष्णराम न्यौपाने, ओम शिवम् पाइप फिटिङ तथा लक्ष्मी टेकनोप्लाष्ट प्रालिका नायव प्रबन्धक बिक्रम खतिवडा, शिवम् सिमेन्ट प्रालिका नायव महाप्रबन्धक राममणि त्रिपाठी, मकवानपुर उद्योग वाणिज्य संघका वस्तुगत उपाध्यक्ष काव्यमणि अधिकारी लगायतको उपस्थिति रहेको थियो।

## मामाघर नेपालमा...

अमेरिकामा रहनु भएका रोयस थापाले दिवा खाजा, हेटौंडा-११, घर भई हाल जापान बस्ने सन्तोष खत्रीले आफ्नो जन्मदिनको अवसरमा नगद ६ हजार रुपैयाँ, हेटौंडा-४ घर भई हाल अष्ट्रेलिया रहनु भएका गृष्मा उप्रेतीले दिवा खाजा, हेटौँडा-७, घर भई हाल अमेरिका बस्ने पुनम मैनालीले जन्मदिनको अवसरमा नगद ४ हजार ५ सय, चितवन निवासी निरुता गुरुङले स्वेच्छिक सहयोग स्वरुप बेलुकी खाना, पश्चिम नवलपरासीमा रहेको दिव्यज्योति बहुमुखी क्याम्पसकी प्राध्यापक एवम् नेपाल प्रगतिशील प्राध्यापक संगठनकी केन्द्रिय सदस्य शितल अधिकारी जन्मदिनको अवसरमा १० हजार, हेटौँडा-५ बस्ने गोबिन्दप्रसाद सन्जेलले जन्मदिनको अवसरमा दिवा खाजा सेवा र नगद एक हजार १५ रुपैयाँ सहयोग गर्नुभयो।

स्वर्गीय बुबा भक्तबहादुर गुरुङको ३१औं पूण्यतिथिमा पोखरा-१३ घर भई हाल लण्डनमा बस्ने छोरी लक्ष्मी गुरुङले १० हजार, बैबाहिक वर्षगाँठको अवसरमा हेटौंडा-४ निवासी हनि जोशी र ओर्जु राज श्रेष्ठले नगद ५ हजार ५ सय, हेटौंडा-४ निवासी शुभद्रा बर्तौला र राज कुमार केसीले वैवाहिक बन्धनमा बाधिनु भएको अवसरमा दिवा खाजा सेवा र स्कुल जुत्ता ३ जोर उपलब्ध गराउनुभएको छ।

हेटौंडा-४ निवासी सरिता नेपालले नगद ५ हजार रुपैयाँ, हेटौंडा-३ निवासी कमला मोक्तानले छोरी सिवानी घिसिङको जन्मदिनको अवसरमा नगद १० हजार रुपैयाँ, हेटौंडा-१९ बस्तिपुर बस्ने राजनप्रसाद अधिकारी र सुनिता अधिकारीको बैवाहिक वर्षगाँठमा नगद ६ हजार ५ सय रुपैयाँ, हेटौंडा-५, निवास मनमाया घलान र जयराम दोङले आफ्नो छोरा लिवाङ दोङको जन्मदिनको अवसरमा ५ हजार एकसय रुपैयाँ, हेटौँडा-५, निवासी भानुभक्त चौलागाईं र रुपा चौलागाईंले २२ औं बैवाहिक वर्षगाँठमा नगद ५ हजार ५५५ रुपैयाँ, हेटौंडा-२ निवासी दीप कृष्ण लामिछाने र सचिता हुमागाईको बैवाहिक वर्षगाँठको अवसरमा बिहानीको खाना, हेटौंडा-४ घर भई हाल अष्ट्रेलिया बस्ने सागर चौलागाईले आफ्नो जन्मदिनको अवसरमा नगद ५ हजार रुपैयाँ, हेटौंडा-५ निवासी प्रतिमा बस्नेत र प्रितम राज विष्टले छोरी प्राभ्या बिष्टको जन्मदिनमा खाद्यान्न सामग्री, हेटौंडा-११, निवास प्रेमकुमारी श्रेष्ठले नाती जेनिस श्रेष्ठको जन्मदिनको अवसरमा खाद्यान्न सामग्री हस्तान्तरण गर्नुभयो।

हेटौंडा-९ घर भई हाल अष्ट्रेलिया बस्ने निश्चल चौलागाईंले जन्मदिनको असरमा नगद ५ हजार ५५ रुपैयाँ, अमेरिकाको कोलोराडो बस्ने बिनोद ढुङ्गाना र करिश्मा ढुङ्गानाको छोरा ब्रविन ढुङ्गानाको आठौं जन्मदिनमा ५ हजार रुपैयाँ, हेटौंडा-९ निवासी सुरेन्द्र प्रसाद चौधरी र विष्णुमाया दानकोटीले स्वर्गीय छोरा बादल दानकोटीको नवौं दिनको पूण्यतिथिमा दिवा खाजा, खाद्यान्न सामग्री र नगद १० हजार रुपैयाँ, हेटौंडा-६ बस्ने अम्बिका भुर्तेलले जन्मदिनको अवसरमा खाद्यान्न सामग्री र बिहानको खाना, हेटौंडा-१३ की आरती लामा सिङ्तानले छोरा शिवान्स सिङ्तानको जन्मदिनको अवसरमा दिवा खाजा र नगद ११ हजार १११ रुपैयाँ र हेटौंडा-५ पिप्लेका शेखर घिमिरे र सन्तोषी घिमिरेले छोरी सान्भी घिमिरेको अन्न प्रासन्नको अवसरमा १५ हजार रुपैयाँ प्रदान गर्नुभएको थियो।

## जटिलताको भुमरीमा...

कार्यलाई एक गम्भीर अपराधको रूपमा अङ्गीकार गरियो। तत्पश्चात् यसलाई नियन्त्रण गर्नुपर्ने आवश्यकतालाई विश्वभरि नै स्विकारियो। यही कारणले हाल विश्वका १ सय ३३ भन्दा बढी देशमा सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन लागू गरिएको छ।

सन् २००२ मा नेपालले एफएटिएफको क्षेत्रीय संस्था प्यासिफिक ग्रुप अन मनी ल्यान्डरिङको सदस्यता प्राप्त गरेपछि सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापहरुमा वित्तीय लगानी विवरण रणनीति तथा कार्यक्रम (२०६८-७२) कार्यान्वयनमा ल्याइएको छ।

यहाँ सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराधको सूचना बैंकिङ प्रणालीतर्फको नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी एकाइबाट र अन्यतर्फको नेपाल प्रहरीअन्तर्गतको केन्द्रीय अनुसन्धान र स्थानीय जनताबाट समेत प्राप्त गरिन्छ।

प्राप्त सूचना र सुराकीहरूको अनुसन्धान एवं तहकीगत गरी तोकिएको कसुर गरेको हो वा होइन भन्ने कुरा पत्ता लगाउने जिम्मेवारी र अधिकारसहित नेपाल सरकारको २०७८ साल १ गतेको निर्णयअनुसार सम्पत्ति शुद्धीकरण विभाग स्थापना गरिएको छ, जसले सम्पत्ति शुद्धीकरण गर्ने कार्यको सम्बन्धमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यहरु गर्दै आएको भए तापनि यसका नीतिनियमहरुमा समयानुकूल संशोधन नगरिएकाले ठूलाबडा तथा उच्च पदस्थ पदाधिकारीहरूको सम्पत्तिको निगरानी गरेको पाइँदैन।

वर्तमान समयमा नेपालमा शंकास्पद आर्थिक कारोबार गर्ने व्यक्तिहरूको संख्या तीव्र गतिमा बढिरहेको अनुमान छ। नेपाल राष्ट्र बैंकको एक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८-०७९ मा यहाँको शंकास्पद कारोबार अघिल्लो आर्थिक वर्षको तुलनामा ८१.३४ प्रतिशतले वृद्धि भएको अवगत हुन्छ।

हाल यहाँ सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि गरिएको प्रयासबारे वित्तीय कारबाही कार्यदल (एफएटिएफ) ले खासगरी सम्पत्ति शुद्धीकरण नियन्त्रणसम्बन्धी व्यवस्था र विद्यमान नीतिनियमको कार्यान्वयनका बारेमा पारस्परिक मूल्यांकन गर्न काम सुरु गरेको कुरा प्रकाशमा आएको छ। जसको निष्कर्ष एफएटिएफले जारी गरेको ४० बुँदे सिफारिसको अनुपालनमा आधारित हुनेछ।

संक्षेपमा भन्ने हो भने सन् २०११ को पारस्परिक मूल्यांकनमा एफएटिएफले जारी गरेको ४० बुँदे सुझावमध्ये एउटा मात्र कार्यान्वयन गरिएको आधारमा सोहीअनुरूप नतिजा प्राप्त गरेको नेपालले त्यसपछि यहाँ गरिएको केही कानुनी तथा संरचनात्मक सुधारका कारण हाल सुरु गरिएको पारस्परिक मूल्यांकनमा पहिलेको भन्दा केही सन्तोषजनक नतिजा आउने अपेक्षा गर्नु स्वाभाविक हो।

यति मात्र नभई तत्कालीन सरकारले यहाँबाट सीमापार गरिने नगद मुद्राको ओसारपसारसम्बन्धी ३२ नम्बरको सुझावअनुसार कार्यान्वयन एवं अन्य आवश्यक विवरण पनि पेस गरिएकाले भविष्यमा पहिलेको भन्दा केही सन्तोषजनक नतिजा आउने अपेक्षा गर्न सकिन्छ। परन्तु, यहाँ विद्यमान वित्तीय संस्थाहरुभन्दा इतरका अन्य निकायहरूको भूमिकामा मूल्यांकनकर्ताहरूमा सन्देह पैदा भएको अवस्थामा भने उक्त अपेक्षाका तुसारापात नहोला भन्न सकिँदैन। यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुन नितान्त आवश्यक छ।

नेपालमा सम्पत्ति शुद्धीकरणका लागि केही वर्षअघि नै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग स्थापना गरे पनि हालसम्म पनि यसले ठोस काम गर्न सकेको छैन। यस विभागले समयसापेक्ष काम गर्ने अपेक्षा गरिए पनि वर्षमा सरदर एक दर्जन मुद्दा पनि दायर गर्न सकेको छैन।

यहाँ सम्पत्ति शुद्धीकरण अनुसन्धानलाई प्रभावकारी बनाउन सम्पत्ति शुद्धीकरण ऐन, २०६४ लाई हालसालै संशोधन गरी यससम्बन्धी अपराध अनुसन्धानको दायरा फराकिलो बनाइएको छ। अबदेखि नेपाल प्रहरीको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, वन कार्यालय, राष्ट्रिय निकुञ्जलगायत १३ सरकारी निकायले सम्बद्ध कसुरको रुपमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान र अभियोजन गर्न पाउने भएको छ।

वस्तुतः उक्त विभागको अनुसन्धानले मात्र सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान प्रभावकारी नभएकाले अन्य निकायहरुलाई पनि अनुसन्धान गर्ने अधिकार दिइएको हो। परन्तु, यस्तो व्यवस्थाले भविष्यमा निष्कर्षमा पुग्न जटिल हुने कुरा नकार्न सकिँदैन।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान एवं नियन्त्रणमा नेपाल कमजोर छ। अन्तर्राष्ट्रिय मूल्यांकनमा यो देशलाई कालोसूचीमा राख्ने सम्भावना भएकाले वर्तमान सरकारले सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनमा संशोधन गरेको हो। तर, यो कत्तिको फलदायी हुन्छ भन्ने कुरा भविष्यले देखाउनेछ।

नेपालमा विभिन्न विकास आयोजना तथा परियोजना सञ्चालन गरिँदै आएका छन्। यिनीहरुका लागि तोकिएको सरकारी रकमको दुरुपयोग गरी व्यापारी, कर्मचारी र राजनीतिक नेताहरूले सम्पत्ति आर्जन गर्छन्। सम्पत्ति शुद्धीकरणका घटनाहरूमा खासगरी उच्च पदस्थ व्यक्तिहरुको संलग्नता भएकाले उनीहरूमध्ये धेरैलाई कानुनको दायरामा ल्याउन सकिएको छैन। बेलाबेलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग र अन्य नियामक निकायका पदाधिकारीहरु पनि उक्त घटनाहरुमा संलग्न हुने गरेकाले उनीहरुलाई उपयुक्त कारबाही गर्न सकिएको छैन।

नेपालमा सम्पत्ति शुद्धीकरणको समस्याले यहाँको आर्थिक, सामाजिक र कानुनी व्यवस्थामा समेत अगाध प्रभाव परेको छ। परन्तु, यस सम्बन्धमा सरकारले गहकिलो कदम चाल्न सकेको छैन।

हाल नेपाल सम्पत्ति सुदृढीकरणसम्बन्धी अन्तर्राष्ट्रिय निगरानीमा छ। तर, बढ्दो भ्रष्टाचारको कारण यो देशलाई उक्त निगरानीबाट हटाउन कठिन छ। वस्तुतः यहाँ सम्पत्ति शुद्धीकरणका लागि सम्पत्ति शुद्धीकरण विभाग स्थापना गरिएको छ, तर विगतमा यसलाई प्रधानमन्त्रीको कार्यालयअन्तर्गत राखिएकाले त्यससम्बन्धी खास काम हुन सकेन।

सम्पत्ति शुद्धीकरण निगरानी गर्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्सले पनि उक्त विभाग प्रधानमन्त्री कार्यालयअन्तर्गत राख्न नहुने सुझाव दिएको थियो। परन्तु, यो सुझावलाई तत्कालीन सरकारले वास्ता नगरेकाले यहाँ सम्पत्ति शुद्धीकरण केवल नारामा सीमित भयो। जेन-जी आन्दोलनपछि गठित सरकारले उक्त विभागलाई प्रधानमन्त्री कार्यालयबाट हटाई पुनः अर्थ मन्त्रालयको मातहतमा राखेको छ, जुन सान्दर्भिक देखिन्छ। वर्तमान समयमा उक्त विभागले बैंकिङ प्रणालीमार्फत हुने अवैध कारोबार, कर छली र सम्पत्ति शुद्धीकरणसम्बन्धी गतिविधि न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ। तर यो कार्य सहज छैन। किनभने यहाँका विभिन्न राजनीतिक दलका नेताहरूको आम्दानीका स्रोत नभए तापनि उनीहरूको आर्थिक हैसियत कम छैन। जुन कुरा उनीहरूका गतिविधिबाट बोध हुन्छ।

पछिल्लो समय उक्त विभागले विभिन्न दलका नेताहरुको सम्पत्ति छानबिन गर्ने अग्रसरता देखाए पनि कर्मचारीको सम्पत्ति छानबिनमा कुनै किसिमको तत्परता देखाएको छैन। फलतः उक्त विभागको काम अपुरो नै रहनेछ। किनभने नेपालमा अकुत सम्पत्ति जम्मा गर्नेहरुमा कर्मचारीको बाहुल्यता छ। उनीहरूले प्रत्येक महिना गर्ने खर्चबाट उनीहरुको आम्दानी अस्वाभाविक छ भन्ने कुरा थाहा हुन्छ। तर, यस सम्बन्धमा आजसम्म पनि सम्बन्धित पक्षको ध्यानाकृष्ट हुन नसकेकाले नेपालमा सम्पत्ति शुद्धीकरण प्रभावशाली बन्न सकेको छैन। छानबिनका आधारमा दोषीलाई कडा कारबाही गर्नुपर्छ। यसो गर्न सके सम्पत्ति शुद्धीकरण न्यून गर्न सकिन्छ। तर यसो गर्न सम्बन्धित पक्षहरू कटिबद्ध हुनुपर्ने भएकाले सहज भने छैन।

*(स्रोतः कारोबारदैनिक)*

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
**वन विज्ञान संकाय,**
**डीनको कार्यालय, हेटौँडा**

**क्यान्टीन संचालनको शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति २०८२।१२।०१ गते*

**कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय डीनको कार्यालय, हेटौंडामा रहेको क्यान्टिन संचालनमा ल्याउनु पर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र)औं दिनको २:०० बजेसम्म वन विज्ञान संकाय डीनको कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। शिलबन्दि दरभाउपत्र स्विकृत वा अस्विकृत गर्ने अधिकार डीनको कार्यालयमा निहित रहनेछ। विस्तृत जानकारीका लागि कार्यालय समयमा वन विज्ञान संकाय, डीनको कार्यालय हेटौंडाको सामान्य प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।**

**सम्पर्क फोन नं ०५७ ५२७३५४ वा मो नं. ९८४५२८६७३२**

**डीन**
**वन विज्ञान संकाय**

**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल**
**राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं।

**प्रो. ज्ञान रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

**वास्तु किन चाहिन्छ ?**
**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**




- पन्चतत्व सन्तुलित राख्न,
- वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ।

- वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्।**

**निशूल्क परामर्श**
- Mobile Numerology,
- Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

# श्री महेन्द्र माध्यमिक विद्यालय

हेटौँडा-१३, पदमपोखरी, मकवानपुर

## आपुर्तिकर्तालाई सुचिकृत सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।११।३०)*

प्रस्तुत विषयमा चालु आ.व.२०८२।०८३ मा सार्वजनिक खरिद ऐन २०६३ अनुसार विद्यालयका लागि आवश्यक पर्ने सामाग्री तथा सेवा खरिद गर्नुका लागि सार्वजनिक खरिद नियमावली २०६४ अनुसार मौजुदा सूची तयार गर्न देहाय अनुसारको विभिन्न प्रकृतिका बस्तु वा सेवा आपुर्ति गर्न चाहने आपुर्तिकर्ता, फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजात सहित विद्यालयको लेखाशाखामा सुचना प्रकाशन भएको ७ (सात) दिनभित्रमा विद्यालयको समयभित्र निवेदन दर्ता गराउनु हुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ। रित नपुगेको वा आवश्यक कागजात सम्लग्न नगरिएका निवेदनलाई मान्यता दिइने छैन। प्राप्त भएका निवेदन मौजुदा सुचिमा सुचिकृत गर्ने वा नगर्ने अधिकार विद्यालयमा सुरक्षित रहनेछ।

**तपसिल**

१. सेनेटरी प्याड
२. मसलन्द तथा कार्यालय सामाग्रीहरु
३. विजुली बत्ति तथा सामाग्रीहरु
४. कम्प्युटर, प्रिन्टर, इलोक्टोनिक्स सामान पाटपूर्जा टोनर, मसि तथा अन्य।
५. खेलकुद सामाग्रीहरु
६. पुस्तक तथा स्टेशनरी सामाग्रीहरु
७. प्रश्नपत्र छपाई, उत्तरपुस्तिका छपाई, खाम, रेकर्ड फाइल छपाई।
८. विज्ञापन तथा सूचना प्रकाशन, प्रशारण पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अन्य।
९. खाद्यवस्तु चामल, दाल, बेसार तेल आदि।
१०. तरकारी, फलफुल, मासु, अण्डा आदि
११. सिमेन्ट, गिटि, वालुवा तथा निर्माण सामाग्रीहरु
१२. विज्ञ तथा विशेषज्ञ वौद्धिक सेवा

**पेशगर्नुपर्ने कागजातहरू**

१. फर्म वा संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. मू.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

# सुमि थिङको जीवनको गोरेटो मुक्तक संग्रह लोकार्पण



सुमि थिङको मुक्तक संग्रह विमोचन गरिँदै ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१ स्थित अमर माध्यमिक विद्यालयमा ९ कक्षामा अध्ययनरत छात्रा सुमि थिङको मुक्तक संग्रह 'जीवनको गोरेटो' लोकार्पण गरिएको छ । हेटौँडा-४ स्थित साहित्य संगम तथा सिस्नुपानी नेपाल मकवानपुरको सभाहलमा मुक्तक संग्रह लोकार्पण गरिएको हो ।

नवसर्जक साहित्य चौतारीको आयोजनामा भएको कार्यक्रममा सुमिको पहिलो कृतिको रुपमा उक्त मुक्तक संग्रह लोकार्पण गरिएको हो । नवसर्जक साहित्य चौतारीकी महासचिव स्वस्तिका दाहालको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिका १ नम्बर वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यमा भएको लोकार्पण कार्यक्रममा लोकार्पित कृतिमाथि साहित्यकारहरु सानुबाबु खनाल र विविशा रुम्बाले विमर्श गर्नुभएको थियो । उहाँहरुले सुमिको कृतिको सवल तथा दूर्वल पक्षबारे छलफल गर्दै सुझाव समेत प्रस्तुत गर्नुभएको छ ।

२०६८ मंसिर २६ गते मकवानपुरको राक्सिराङ गाउँपालिका-१ मा जन्मनुभएकी सुमिले स्थानीय पत्रिकामा पनि नियमित लेख्ने गर्नुभएको छ । नवसर्जक साहित्य चौतारीले प्रकाशन गरेको मुक्तक संग्रहमा ८१ वटा मुक्तक समावेश भएको कृतिमा समाज, जीवन र मानवीय अनुभुतिहरुका विभिन्न पक्षहरुलाई निकै प्रभावकारी ढंगले प्रस्तुत गरिएको छ । तीन वर्षअघिदेखि नै कविता हुँदै मुक्तक लेख्न थालेकी सुमि हाल नवसर्जक साहित्य चौतारी बागमती प्रदेशको सदस्य समेत हुनुहुन्छ । मुक्तक संग्रह लोकार्पण कार्यक्रममा नवसर्जक तथा विभिन्न साहित्यकारहरुले मुक्तक तथा रचना वाचन समेत गरिएको थियो । कार्यक्रममा नवसर्जक साहित्य चौतारीका परिकल्पनाकार तथा संरक्षक दीपक गौतम, अग्रज साहित्यकार देवराज खरेल, सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिल, अमर माविकी प्रधानाध्यापक मालती उप्रेती, सहायक प्रधानाध्यापक तथा साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको पनि सहभागिता रहेको थियो ।

# प्रधानमन्त्री कप क्रिकेट : काठमाडौं फाइनलमा

समाज संवाददाता

हेटौँडा : काठमाडौंमा जारी प्रधानमन्त्री कप एक दिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत बागमती प्रदेशस्तरीय छनोट प्रतियोगितामा काठमाडौं जिल्लाको टिम फाइनल प्रवेश गरेको छ । राउण्ड रोबिन प्रणालीमा आयोजना गरिएको प्रतियोगिताको शीर्ष दुई टोलीले फाइनल खेल्ने छन् । सिंगल राउण्ड रोबिनको पाँच खेलमा जित दर्ता गर्दै १० अंकसहित तालिकाको शीर्षस्थानमा रहेको काठमाडौं फाइनलमा पुगेको हो ।

शनिबार भएको खेलमा दोस्रो स्थानमा रहेको ललितपुरलाई पराजित गर्दै काठमाडौं फाइनल प्रवेश गरेको हो । हारका बाबजुद ५ खेलमा ४ जित निकालेको ललितपुर ८ अंकसहित दोस्रो स्थानमा छ । टस जितेर पहिले व्याटिङ गरेको काठमाडौंले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ८१ रन बनायो । काठमाडौंका लागि सोनु देवकोटाले ७२ रन, उत्तम थापा मगरले ७१ रन, अभिषेक बुढाऐरले ३९ रनको योगदान गरे । २ सय ८२ रनको लक्ष्य पछ्याएको ललितपुरले ३५ ओभर ४ बलमा २ सय २ रन जोड्दा अल आउट भयो । ललितपुरका लागि विवेक राना मगरले ८८ रन, आयुतोष घिरैयाले ५१ रनको योगदान दिए पनि हारबाट जोगाउन सकेनन् । ललितपुरविरुद्ध काठमाडौंका दयानन्द मण्डल र सोनु देवकोटाले ४/४ विकेट लिए । म्यान अफ द म्याच काठमाडौंका सोनु देवकोटा घोषित भए ।

यस्तै शनिबार नै भएको अर्को खेलमा भक्तपुरले नुवाकोटलाई १ सय ६४ रनले पराजित गऱ्यो । टस जितेर पहिले व्याटिङ रोजेको भक्तपुरले ४९ ओभर ५ बलमा सबै विकेट गुमाउँदै ३ सय ८० रनको विशाल योगफल तयार पाऱ्यो । भक्तपुरका लागि शिव तिवारीले १ सय १३ रन, सौरभ शाखकर्मीले ८९ रन योगदान गरे । नुवाकोटको कमजोर बलिङका कारण भक्तपुरले अतिरिक्त ३९ रन पाएको थियो । नुवाकोटका इशान पाली र विधान खतिवडाले ३/३ विकेट लिए । ३ सय ८१ रनको विशाल लक्ष्य पछ्याएको नुवाकोटले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय १६ रन मात्रै जोड्न सफल भयो । नुवाकोटका लागि अनुभव खनालले ४७ रन, राजेश रिमालले ३८ रन, मञ्जीत थपलियाले ३७ रन जोडे । भक्तपुरका शिव तिवारीले ४ विकेट लिँदा सुवास खत्रीले ३ विकेट लिए । भक्तपुरका शिव तिवारी म्यान अफ द म्याच घोषित भए । प्रतियोगिताअन्तर्गत मकवानपुरले आज आइतबार पाँचौं खेल चितवनसँग खेल्नेछ भने नुवाकोटले त्रिभुवन विश्वविद्यालयको टिमसँग खेल्नेछ ।

# निबुवाटारमा निःशुल्क स्वास्थ्य शिविर, २९३ जना लाभान्वित



शिविरमा एक स्थानीयको स्वास्थ्य परीक्षण गरिँदै ।

समाज संवाददाता

निबुवाटार : भीमफेदी गाउँपालिका-४, निबुवाटारमा शनिबार निशूल्क स्वास्थ्य शिविर भएको छ । वडा कार्यालयको आर्थिक सहयोग तथा निबुवाटार स्वास्थ्य चौकीको आयोजनामा एक दिने बृहत् निःशुल्क स्वास्थ्य शिविर भएको हो । हर्ट फाउन्डेसन मकवानपुरको प्राविधिक सहयोगमा सञ्चालित शिविरमा चितवन मेडिकल कलेजका वरिष्ठ मुटुस्वास्थ्य विशेषज्ञ डा. मनोज कुमार श्रेष्ठ लगायतको टोलीले स्थानीयको स्वास्थ्य परीक्षण गरेको थियो ।

शिविरमा २ सय ९३ जना स्थानीयले स्वास्थ्य परीक्षण गरेका थिए । परीक्षणका क्रममा ५ जनामा मुटुको गम्भीर समस्या देखिएको थियो भने एक जनालाई तत्काल शल्यक्रियाका लागि सिफारिस गरिएको छ । महिलाहरूको भी.आई.ए. परीक्षण गर्दा ४ जना महिलामा पहिलो चरणको पाठेघरको क्यान्सर लक्षण देखिएको छ । शिविरमा ५४ जनाले दाँतसम्बन्धी उपचार तथा परामर्श प्राप्त गरे ।

कार्यक्रमका बारेमा जानकारी दिनुहुँदै वडा अध्यक्ष सागर पाण्डेले ग्रामीण क्षेत्रका नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन वडाको बजेट मार्फत कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले स्वास्थ्यमा हुन सक्ने समस्याको समयमै पहिचान गरी उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले शिविर सञ्चालन गरिएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नुभयो । आफ्नै घरदैलोमा विशेषज्ञ चिकित्सकबाट निःशुल्क जाँच, सुगर, प्रेसर र परामर्श सेवा पाएपछि स्थानीय बासिन्दाहरूले खुसी व्यक्त गरेका छन् ।

# मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१०, स्याउलीबजारमा मोटरसाइकलले ठक्कर दिँदा एक पैदलयात्रीको मृत्यु भएको छ । बिहीबार साँझ ६ बजेर ३० मिनेटको समयमा ना ४७ प ६६०३ नम्बरको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

दुर्घटनामा सप्तरी जिल्लाको मजौरा गाउँपालिका-५ घर भई हाल भरतपुर महानगरपालिका-१० मालपोतचोकमा डेरा गरी बस्ने ४५ वर्षीय सुरेन्द्र यादव गम्भीर घाइते भएका थिए । घाइते यादवलाई उपचारका लागि चितवनस्थित भरतपुर अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारकै क्रममा शुक्रबार राती चिकित्सकले यादवलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा संलग्न मोटरसाइकल चालक रुपन्देही जिल्ला घर भई हाल भरतपुर महानगरपालिका-१०, विशालचोकमा डेरा गरी बस्ने २० वर्षीय सुवास लामिछानेलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# ओम बृद्धाश्रमलाई ५५ हजार रुपैयाँ बराबरको खाद्यान्न सहयोग



वृद्धाश्रमलाई खाद्यान्न सामग्री हस्तान्तरण गरिएपछि खिचिएको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२, चौकिटोलस्थित ओम बृद्धाआश्रमलाई ५५ हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री प्राप्त भएको छ । शनिबार हेटौँडा-२, मनकामनाचोक निवासी धनमाया बर्तौलाले आफ्ना छोराहरु दिलिप बर्तौला र गोकर्ण बर्तौलासहित परिवारजनको उपस्थितिमा आश्रमलाई खाद्यान्न सहयोग गर्नुभएको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिनुभयो ।

बर्तौलाले आश्रमलाई चामल १० बोरा, दाल १ बोरा, तेल ८ कार्टुन, नुन १ बोरा, चियापत्ति ४ किलो र चिनी १ बोरा गरी ५५ हजार रुपैयाँ बराबरको सामग्री प्रदान गर्नु भएको श्रेष्ठले बताउनुभयो । आश्रममा जन्मदिन, विवाह उत्सव, वार्षिकोत्सव लगायत विभिन्न अवसरमा सहयोग प्राप्त हुँदै आएको छ । आश्रममा नगद, खाद्यान्न, खाना खुवाउने लगायत सहयोग प्राप्त हुँदै आएको छ । हाल आश्रममा ९ जना पुरुष र १४ जना महिला गरि २३ जना आश्रित छन्

# मन्टेश्वरी शिक्षासम्बन्धी तालिममा सहभागी दीक्षित



दीक्षित भएपछि खिचिएको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडा : सिटिइभिटीको पाठ्यक्रममा आधारित भएर लेभल १ (३९० घण्टा) को मन्टेश्वरी शिक्षासम्बन्धी तालिममा सहभागी प्रशिक्षार्थी दीक्षित भएका छन् ।

हेटौँडा-४ स्थित पेन्टागन एकेडेमीले सञ्चालन गरेको तालिममा १५ जना सहभागी थिए । पेन्टागन एकेडेमीका सञ्चालक गोविन्द चौलागाईको अध्यक्षता तथा बागमती प्रदेश सिटिइभिटीकी कार्यकारी निर्देशक शान्ति लामाको प्रमुख आतिथ्यमा शनिबार दीक्षान्त समारोह भएको हो । कार्यक्रममा हेटौँडा-४ का वडाध्यक्ष नवीन सिग्देलको पनि आतिथ्य रहेको थियो । तालिममा सहभागीलाई प्राप्त ज्ञान, सीप र दक्षताको उपयोग गरी रोजगारीको अवसर प्राप्त गर्न वक्ताहरुले सुझाव दिएका छन् ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ